# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३५) काठमाडौं, भदौ ३१ गते २०४२ साल (संख्या २३

## भाग ३

श्री ५ को सरकार

### सामान्य प्रशासन मन्त्रालयको सूचना

निजामती सेवा (तेईसौं संशोधन) नियमावली, २०४२

निजामती सेवा नियमावली, २०२१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, नेपाल निजामती सेवा ऐन, २०१३ को दफा ७ र ८ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "निजामती सेवा (तेईसौं संशोधन) नियमावली, २०४२" रहेको छ ।

(२) यो नियमावलीको नियम २ तुरुन्त प्रारम्भ हुनेछ र अन्य नियमहरू २०४१ साल श्रावण १ गतेदेखि प्रारम्भ भएको मानिनेछ ।

२. निजामती सेवा नियमावली, २०२१ मा नियम २.५ थपः निजामती सेवा नियमावली, २०२१ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २.४ पछि देहायको नियम २.५ थपिएको छः

"२.५ अस्थायी नियुक्तिसम्बन्धी व्यवस्थाः (१) कुनै पनि रिक्त स्थायी पदमा ६ महिनाभन्दा बढी अवधिको लागि अस्थायी नियुक्ति गर्न पाइने छैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर यो उप-नियम लागू भएको मितिले २ वर्षसम्म लोक सेवा आयोगले उम्मेदवार नपाइने भनी तोकेका जिल्लाका स्थानहरूमा ६।६ महिनाको लागि दुई पटकसम्म अस्थायी नियुक्ति गर्न सकिनेछ।

(२) उप-नियम (१) को विपरित हुने गरी बढी अवधिको लागि अस्थायी नियुक्ति गरेमा त्यसरी अस्थायी नियुक्ति गरेको बढी अवधिमा अस्थायी कर्मचारीले पाएको तलब भत्ताको रकम त्यसरी अस्थायी नियुक्ति गर्ने अधिकारीबाट नियम १०.१ को खण्ड (३) बमोजिम विभागीय कारबाई गरी असूल गरिनेछ।"

३. मूल नियमावलीको नियम ७.४ मा संशोधनः मूल नियमावलीको नियम ७.४ को सट्टा देहायको नियम ७.४ राखिएको छः–

"७.४ निवृत्तभरणः २० वर्ष वा सोभन्दा बढी समयसम्म सरकारी नोकरी गरेका निजामती कर्मचारीले देहायबमोजिमका हिसाबले मासिक निवृत्त-भरण पाउने छन्।

$$\frac{\text{जम्मा नोकरी वर्ष} \times \text{आखिरी तलबको रकम}}{५०}$$

तर–

(१) श्री ५ को सरकारलाई अड्डा वा पद नै नचाहिने भई खारेजीमा परेको वा शारीरिक अस्वस्थताको कारणले सरकारी सेवा गर्न असमर्थ भएको कुनै निजामती कर्मचारीको सेवाको जम्मा अवधिमा पाँच वर्षसम्म थपेमा निवृत्तभरण पाउन सक्ने अवधि पुग्ने रहेछ भने त्यस्तो निजामती कर्मचारीको जम्मा नोकरी अवधिमा निवृत्त-भरण पाउने अवधि पुऱ्याउन बढीमा पाँच वर्षसम्म थपिनेछ।

(२) यस नियम अनुसार पाउने निवृत्तभरणको रकम विशिष्ट श्रेणीको माथिल्लो पदको प्रचलित तलब स्केलको शुरू तलबको आधा रकम-भन्दा बढी हुने छैन र भविष्यमा सरकारी नोकरीको निमित्त सामान्यतः अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गरिएका निजामती कर्मचारीले यस नियमबमोजिम निवृत्तभरण पाउन सक्ने छैन।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२६८

(३) कुनै सरकारी पदमा अघि गरेको नोकरीबापत निवृत्तभरण पाइ-रहेको व्यक्ति पछि निजामती पदमा नियुक्त भएमा निजले पछि गरेको नोकरी अवधिमा अघि गरेको नोकरी अवधि जोडी यस नियमबमोजिमको निवृत्तभरण लिन पाउनेछ ।

स्पष्टीकरणः– यो सुविधा यो प्रतिबन्धात्मक वाक्यांश (३) प्रारम्भ हुनुभन्दा अघि नै निजामती पदमा पुनः नियुक्ति भई अवकाश प्राप्त गरिसकेको कर्मचारीले समेत पाउनेछ ।

(४) सरकारी नोकरी पाउने वा सो नोकरीमा बहाल रहने उद्देश्यले शिक्षा-सम्बन्धी कुनै योग्यता, तीनपुस्ते, उमेर, जात, थर, वतन, नागरिकता वा अयोग्यता ढाँटेको प्रमाणित हुन आएमा यो नियमबमोजिम निवृत्तभरण दिइने छैन । कसूर प्रमाणित हुनु अगावै खाईपाई सकेको रकम फिर्ता गर्नुपर्ने छैन ।

(५) यस नियमबमोजिम निवृत्तभरण पाइरहेको व्यक्ति श्री ५ को सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको वा श्री ५ को सर-कारको नियन्त्रण भएको संगठित संस्था वा श्री ५ को सरकारबाट प्राप्त अनुदानबाट सञ्चालन भएको अन्य कुनै संगठित संस्थामा नियुक्त भई त्यस्तो संस्थामा बहाल रहेसम्मको अवधिभर त्यस्तो व्यक्तिले यस नियमावलीबमोजिमको निवृत्तभरण पाउने छैन ।"

४. मूल नियमावलीको नियम ७.४ क मा संशोधनः मूल नियमावलीको नियम ७.४ क को उप-नियम (१) को सट्टा देहायको उप-नियम (१) राखिएको छः–

"(१) बहालवाला कर्मचारीको तलब वृद्धि हुँदा तलब स्केलको शुरू अङ्कमा जति प्रतिशतले वृद्धि भएको छ सोही प्रतिशतको दुई-तिहाइका दरले सम्बन्धित श्रेणी वा श्रेणीभित्रको तहका निवृत्त कर्मचारीहरूको निवृत्तभरण रकम वृद्धि हुने छ र निवृत्तभरणको न्यूनतम रकम निम्न लेखिएभन्दा कम हुने छैनः–

| श्रेणी | न्यूनतम निवृत्तभरण रकम (मासिक) |
|---|---|
| परिचर | रू. १३६।– |
| राजपत्र अनङ्कित चतुर्थ | रू. १५८।– |
| राजपत्र अनङ्कित तृतीय | रू. १८१।– |
| राजपत्र अनङ्कित द्वितीय | रू. २१६।– |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| राजपत्र अनङ्कित प्रथम | रू. | २७१।– |
| राजपत्राङ्कित तृतीय | रू. | ४३३।– |
| राजपत्राङ्कित द्वितीय (सहायक सचिवसरह) | रू. | ५००।– |
| राजपत्राङ्कित द्वितीय (उप-सचिवसरह) | रू. | ५८०।– |
| राजपत्राङ्कित प्रथम (सह-सचिवसरह) | रू. | ७७३।– |
| राजपत्राङ्कित प्रथम (अतिरिक्त सचिवसरह) | रू. | ८९०।– |
| राजपत्राङ्कित विशिष्ट | रू. | १०२५।–" |

५. मूल नियमावलीको नियम ७.५ मा संशोधनः मूल नियमावलीको नियम ७.५ को उप-नियम (१क) पछि देहायको उप-नियम (१ ख) थपिएको छः–

"(१ ख) बहालवाला कर्मचारीको तलब वृद्धि हुँदा तलब स्केलको शुरू अङ्कमा जति प्रतिशतले वृद्धि भएको छ, उप-नियम (१) र (१ क) अनुसार पारिवारिक निवृत्तभरण पाइरहेका व्यक्तिको पनि निजले खाईपाई आएको पारिवारिक निवृत्तभरण अङ्कमा सोही प्रतिशतको दुई-तिहाइका दरले वृद्धि हुनेछ।"

आज्ञाले,
मङ्गलकृष्ण श्रेष्ठ
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग
2600